# सम्पादकीय

'हाम्रो वन सम्पदा' को नवौं अङ्क नव वर्ष २०६३ को पूर्व सन्ध्यामा यहाँहरु सामु पस्किन पाउँदा हामीलाई खुसी लाग्नु स्वाभाविकै हो । यसको संस्थागत विकासमा तपाईंहरुका सल्लाह र सुझावहरु कोशे ढुङ्गा नै सावित भएका छन् । यहाँहरुका अमूल्य सल्लाह र सुझाब लिदै आगामी अङ्कहरु अझ परिस्कृत गर्दै जाने विश्वास विज्ञ पाठकहरुमा दिलाउन चाहन्छौं । यस अङ्कमा नेपालको सामुदायिक वन व्यवस्थापनले समग्र सामाजिक, आर्थिक र राजनैतिक रुपान्तरणका पाटाहरुमा ल्याएका परिवर्तनहरुलाई समेटेर यहाँहरु सामु प्रस्तुत गरेका छौं ।

रुपान्तरणको सामाजिक प्रक्रियामा सामुदायिक वन व्यवस्थापनले पुऱ्याएका सवल एवम् सफल पक्षहरु जस्ताको तस्तै पाठक सामु पुऱ्याउनु हाम्रो चाहना हो । अतः यस पटकको अङ्कमा मूलतः रुपान्तरणका आर्थिक, सामाजिक र राजनितिक पक्षहरुमा नै लेखहरु केन्द्रीत छन् । तराई देखि पहाड सम्मका सामुदायिक वन व्यवस्थापनको प्रक्रियामा भएका व्यक्तिगत वा संस्थागत रुपान्तरणका कथाहरुलाई समेट्ने प्रयास गरिए तापनि यथेष्ट कथाका अभावमा छोटा सिकाइजन्य लेखहरुलाई समेट्ने जमर्को गरेका छौं । रुपान्तरणको यात्रामा "सोचमा" आउने परिवर्तनले महत्वपूर्ण भूमिका खेल्छ । अतः सामुदायिक वन व्यवस्थापनको इतिहासमा यो भएन वा त्यो भएन भनेर भन्नु भन्दा, के-के र कस्ता कस्ता सवल र सफल पक्षहरु भएका छन् त्यसलाई पाठक सामु पुऱ्याएर त्यस्ता उदाहरणबाट व्यापक अर्थमा "सोच" मा परिवर्तन ल्याउन सके हाम्रो यो प्रयास सफल ठहरिने छ ।

यस भित्र समाहित विषयवस्तुहरु तथा अवधारणाहरु सबैले कुनै न कुनै पक्षबाट रुपान्तरणको लागि दिशा निर्देश गरिरहेको हाम्रो ठम्याइ छ "चाहे त्यो जलेश्वरको मुसहर सामुदायिक वन होस् या दोलखाको बैशाखेश्वरी सामुदायिक वन, चाहे पूर्वी तराईका उपभोक्ताहरु आफैले विकास गरेका जीविकोपार्जनका उद्यमहरु होस् या मध्य तराईको चारपाला सामुदायिक वनको समावेशीकरण होस् चाहे बास्मती पासवान या गीता परियारको व्यक्तिगत रुपान्तरणको कुरा होस्, चाहे अहिलेको राजनैतिक वृत्तको लोकतान्त्रिक अभियानमा सामुदायिक वनले खेलेको भूमिका नै किन नहोस् । त्यसैगरी कतिपय लेख ले त तराईको क्षेत्रमा सामुदायिक वन लागू गर्न हिच्किचाईरहेको सरकारलाई या त्यसका पक्षपातिहरुलाई गतिलो जवाफ दिएका छन् ।" त्यस्तै अनुसन्धान, विश्लेषण तथा अन्तक्रियात्मक आफ्नो परिचयलाई पनि अक्षुण्ण राख्दै मूलतः रुपान्तरणको व्यापकतामा हाम्रो सानो प्रयासलाई पाठक समक्ष प्रस्तुत गरेका छौं ।

वनको दिगो व्यवस्थापनका लागि निर्णय प्रक्रियामा/नीति निर्माण तहमा आएका परिवर्तनका साथै महिला, दलित, किनारा लगाइएका र विपन्नहरुको अनुभूतिजन्य सिकाइलाई प्राथमिकता दिएर न्यायोचितता तर्फको अग्रगमनका लागि पनि यस अङ्कका लेखहरुले बल पुऱ्याउने छन् भन्ने हाम्रो ठहऱ्याइछ । वनको दिगो व्यवस्थापनद्वारा स्थानीय वन उपभोक्ताहरु त्यसमा पनि पछाडिपारिएका, किनारा लगाइएका महिला, दलित र विपन्नहरुको सवालमा अब सामुदायिक वन भित्र व्यापक विचार र विमर्शको थालनीको सुरुवात गर्दै सकारात्मक सोचको निर्माणको आवश्यकतालाई औंल्याउँदै यसलाई मिठो, मसिनो, मोटो, चाम्रो जस्ताको तस्तै पस्कदै आफ्ना अमूल्य रचना, विचार, सुझाव र सल्लाह दिई योगदान पुऱ्याउनु हुने सबै सहयोगी मित्रहरुलाई धन्यवाद दिंदै अघिल्ला अङ्कहरुमा झैं यहाँहरुका अमूल्य सुझाव र सल्लाह पाउने आशा गर्दछौं ।

धन्यवाद ।